# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

कुनै पनि तवरको अन्धविश्वासमा नलागौं । रोग लागेमा स्वास्थ्य केन्द्र जाने बानी बसालौं ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

वर्ष-३ | अंक-२३ | २०७५ पौष ११ गते बुधबार | 26 December 2018 Wednesday | मूल्य रू. १०/-

## कर्णाली राजमार्गमा हिलो र धुलोको कहर

**विश्वनाथ सिम्खाडा**

**कालिकोट -** कर्णाली राजमार्गको सुर्खेत देखि बढिचौर हुँदै दैलेख ,कालिकोट, मुगु सम्म जोड्ने कर्णाली राजमार्ग जिर्ण बन्दै गएको छ । राजमार्गमा बालुवा गिटि बोक्ने ट्रिपर र ट्याक्टरका कारण सडक जिर्ण बनेको हो । समयमा मर्मत सम्भार नहुँदा हिउँदमा धुलाम्मे र बर्खामा हिलाम्मे हुने गरेको छ सडक ।

सुर्खेतको बडिचौरदेखि तल्लो डुगेश्वर सम्मको सडक खण्डमा दर्जनौं ठाउँ भत्केर कच्चीभन्दा कमजोर देखिन्छ भने डुगेश्वर देखि दैलेखको टुनिबगर सम्मको सडक खण्डमा कालोपत्रे उक्किएर सवारी साधन चलाउन कठिन हुने गरेको छ । यस्तै दैलेखको खिड्कि ज्युलादेखि कालिकोटको मान्म सम्म कालोपत्रे उक्किएर खाडाचक्र नगरपालिकाको कार्यालय अगाडिनै सडक धुलाम्मे हुन पुगेको छ । 'पिच सबै उक्किइसकेको छ', सवारी चालक प्रेम बहादुर खत्रिले भने, 'खाल्डाखुल्डीको कुरै नगरौं' उनका अनुसार सुर्खेत देखि तल्लो डुगेश्वर जम्मा ४६ किलोमिटर सडक पार गर्न मालबाहक ट्रक तथा ठूला यात्रुवाहक बसलाई चार घण्टाभन्दा बढी लाग्ने गरेको छ । फेरि सडकमा गुड्ने सवारीको संख्या बढेको छ । तर, सडकको अवस्था झन्झन् दयनीय हुँदै गइरहेको छ । **गाडी चलाउनै कठिन** ,अहिले हिँउदमा धुलाले बिजोक बनाएको छ । प्रमुख जिल्ला अधिकारि चन्द्र बहादुर कार्किले एक दिनमा सयौंको संख्यामा सवारी साधन गुड्ने भएकाले



कर्णाली राजमार्ग स्थित कालिकोटको जितेगडा धुलोमा गाडि गुड्दै ।

गाडि चालक हरि खत्रिमात्रै होइनन ,राजमार्गमा सवारि चालक धेरैजसोले गाडि चलाउने निकै कठिन भएरहेको बताए । शुभकालिका गाँउपालिका २ का विस्नु शाहिले चालकले दिनहुँ गालि खाइरहनु परेको बताए । वर्खामा राजमार्गमा पहिरोले हिलम्बे हुँदा राजमार्ग भरि गाडिहरुको लाम लाग्छन समस्या समाधान नभएको बताए । गुराँसेको वाटोमा ठुला माललवाहक ट्रक र ठुला बसहरुलाई माथिल्लो रोडमा अनुमति नदिदा तल्लो वाटो हुदै आउने तल्लो डुगेश्वर सम्मको बाटो कामनै नलाग्ने गरि बिग्रिएको बताए । 'यात्रुबाहक गाडी बढीमा १० टन

बाँकी ८ पृष्ठमा.....

## राहत आउने क्रम जारी

**मिसन न्यूज**

**कालिकोट -** जिल्लाको पलाँता गाउँपालिका-१ खाँडाका अग्नीपीडितलाई विभिन्न क्षेत्रबाट राहत आउने क्रम जारी छ । देशका विभिन्न ठाउँबाट अग्नि पीडितहरूलाई विभिन्न राहत आएको हो । ८ पुसको राति पलाँता गाउँपालिका-१ खाँडामा आगलागी हुँदा ८७ घर जलेर नष्ट भएका थिए भने ५ सय ४० जना विस्थापित भएका थिए । आगलागी भएयता पलाँता गाउँपालिका को आगलागी क्षेत्रमा दैनिक एकदेखि दुई संस्था राहत बोकेर जाने गरेका छन् । उपराष्ट्रपति छोरा राहत बोकेर पलाँता नेपाल सरकारका उपराष्ट्रपति नन्दबहादुर पुनका छोरा दीपेश पुनले मंगलबार दुई ट्रक खाद्यान्न, लत्ताकपडा, विद्यार्थीको अध्यायन सामग्री लिएर पलाँता अग्निपीडित क्षेत्रमा पुगेका छन् । उपराष्ट्रपतिका छोरा पुनले पलाँता क्षेत्रमा पुगेर तत्कालका लागि लत्ताकपडा, खाद्यान्नको आवश्यकता भएकाले राहत सामग्री लिएर पलाँता पुगेको बताए । 'तत्कालका लागि यहाँका आगलागी पीडितलाई खाद्यान्न,

बाँकी ८ पृष्ठमा..

## सुविधा सम्पन्न अस्पताल भवन बन्दै

**मिसन न्यूज**

**कालिकोट-**२५ शैयाको जिल्ला अस्पतालको सुविधासम्पन्न भवन निर्माणको काम अन्तिम चरणमा पुगेको छ । कोइकाको ४३ करोड रुपैयाँको आर्थिक सहयोगमा निर्माणाधीन भवनको करिब ७० प्रतिशत काम पूरा भएको जिल्ला अस्पतालले जनाएको छ । भवन निर्माणको काम सम्पन्न भएपछि स्थानीयले सुविधा सम्पन्न भवनबाट उपचार सेवा पाउनेछन् । साउन २८ गतेदेखि निर्माणको काम थालिएको थियो । लुम्बिनी बिल्डर्सले गरिरहेको निर्माणको काममा अब फिनिसिङको काम मात्र बाँकी छ । भवनको स्ट्रक्चरको काम सम्पन्न भइसकेको छ भने भित्री



भागको फिनिसिङ, रंगरोगन, पर्खाल, पानी ट्यांकीलगायत काम धमाधम भइरहेको निर्माण कम्पनीले जनाएको छ । १० महिनाको अवधिमा ७० प्रतिशत काम सकिएको कोइकाका इन्जिनियर मक्रबहादुर स्वाँरले बताए । उनका अनुसार २०७६ वैशाखभित्र सम्पन्न गर्ने लक्ष्यसहित निर्माणको काम भइरहेको हो । तीनतले अस्पताल भवनमा ६० कोठा निर्माण गरिनेउनको भनाइ छ । उनले अपाङ्गमैत्री, पर्याप्त शौचालय, बगैंचा र पर्याप्त पार्किङ सुविधासहितको भवन निर्माणको काम भइरहेको जनाए । भवन निर्माणमा २३ करोड र २० करोड रुपैयाँ उपकरणमा खर्च हुने उनले जानकारी दिए । शल्यक्रिया र जटिल प्रकारका रोगको उपचार जिल्लामै गर्न कोइकाले अस्पताल निर्माण थालेको जिल्ला अस्पतालका डा. डबल मल्लले बताए । कोइकाका अनुसार अस्पताल भवन भूकम्पप्रतिरोधी हुनेछ । अस्पतालको चारैतिर पर्खाल, विद्युत्त, सञ्चार र पानीको भरपर्दो व्यवस्था मिलाइने कोइकाले जनाएको छ ।

# मानव अधिकारको राजनीति

**शोभाकर बुढाथोकी**

मानव अधिकारका मान्यता अपरिहार्य, अविभाज्य र सीमारहित हुन्छन् । यो मानिसको जन्मसिद्ध अधिकार हो र यसको सुनिश्चिचता गर्नु राज्यको दायित्व हुन्छ । सामान्यतया लोकतान्त्रिक प्रक्रियाबाट पारित कानुनको परिपालना र विधिको शासनका मापदण्डहरूको कार्यान्वयनले मुलुकको मानव अधिकारको अवस्था पुष्टि गर्छ । साथै, मानव अधिकारमयी समाज निर्माणका लागि राज्यले अन्तर्राष्ट्रिय मापदण्डहरू का आधारमा राष्ट्रिय कानुनहरू पारित गर्नुपर्ने र उक्त कानुनहरू कार्यान्वयनका लागि आवश्यक संरचनाहरू स्थापना गर्नुपर्ने हुन्छ ।

प्रत्येक व्यक्तिले जाति, भाषा, धर्म, लिंग, राष्ट्रियता, उत्पत्ति, सामाजिक तथा आर्थिक स्थिति र राष्ट्रिय सिमानाका बाबजुद पनि आफूमा अन्तर्निहित नैसर्गिक अधिकारहरू निर्वाध उपभोग गर्न पाउने व्यवस्थालाई अन्तर्राष्ट्रिय तहमा आधारभूत मानव अधिकारका रूपमा परिभाषित गरिएको छ । मानव अधिकारका मान्यताहरूको प्रारम्भ सन् १२१५ को म्याग्नाकार्टादेखि भएको मानिए पनि यसको संस्थागत विकासको आधार संयुक्त राष्ट्र संघको स्थापना र यसको बडापत्रलाई मानिन्छ । बडापत्रका आधारमा मानव अधिकारको विश्वव्यापी घोषणापत्र-१९४८ जारी भएको ७० वर्ष पूरा भएको छ । पहिलो र दोस्रो विश्वयुद्धका कारण मानवीय क्षति, प्रलय तथा विनाश रोक्न र मानव अस्तित्व रक्षाका लागि घोषणापत्रका आधारमा मानव अधिकार संरक्षणका प्रशस्त संयन्त्रहरू सिर्जना गरिए पनि यसको उल्लंघन र मानवताविरुद्धका अपराध हुने क्रम निरन्तर चलिरहेको छ । साथै, यस्ता कार्यमा संलग्न अधिकांश व्यक्तिले उन्मुक्ति पाउने क्रम निरन्तर चलिरहेको छ । यस अवधिमा विश्वको राजनीतिमा उथलपुथल आएको छ भने मानव अधिकार उल्लंघनका घटनाहरूमा परम्परागत स्वरूपहरूमा परिवर्तन हुन नपुगी आतंकवादलगायत जातीय, क्षेत्रीय र धर्मका नाममा सिर्जित परिणामहरू तर्फ केन्द्रित गर्नुपर्ने भएको छ । आन्तरिक विस्थापन र शरणार्थी समस्या मानव अधिकार उल्लंघनको भयाबह स्वरूपमा देखिएको छ ।

मानव अधिकारका सिद्धान्त तथा मान्यतालाई विश्वका अधिकांश लोकतान्त्रिक मुलुकहरूले आत्मसात गरेको पाइन्छ र सोहीअनुसार कानुनहरूको प्रतिपादन गरेका हुन्छन् । तथापि यसका आधारभूत पक्षहरूको बुझाइ, कार्यान्वयन शैली र प्राथमिकता निर्धारणमा भिन्नता देखिन्छ । उदाहरणका लागि अमेरिका, युरोप लगायत अधिकांश पश्चिमा मुलुकहरूले नागरिक तथा राजनीतिक अधिकारको सुनिश्चितताले मात्र लोकतन्त्रको प्रवर्द्धन र मुलुकको समृद्धि हुने पक्षलाई स्वीकार गर्छन् । यसको ठीक विपरित चीन, सिंगापुर र मलेसियालगायतका दक्षिण पूर्वी एशियाका अधिकांश मुलुकहरू र रुसले आर्थिक समृद्धिबिनाको अधिकार र स्वतन्त्रता अथहीन हुने भएकाले आर्थिक तथा सामाजिक अधिकारको प्रत्याभूति लाई पहिलो सर्त ठान्छन् । यथार्थमा मानव अधिकारका आधारभूत सिद्धान्तहरूको कुनै विशेष मुलुक र परिवेशअनुसार फरक-फरक व्याख्या हुन सक्तैन् भने यसका मान्यताहरूको अविभाज्यरूपमा परिपालना भएको अवस्थामा मात्र मानव अधिकारमयी समाज निर्माण सम्भव हुन्छ । मानव अधिकारका सर्वव्यापी मादण्डहरूको हरेक मुलुकले निष्पक्ष र पूर्वाग्रहबिना सुनिश्चित गर्नुपर्छ । सामान्यतया हरेक राजनीतिक शक्तिहरू सत्तामा नपुगुन्जेलसम्म मानव अधिकार विशेषतः नागरिक तथा राजनीतिक अधिकारको वकालत गर्छन् । विडम्बना, सरकारको नेतृत्वमा पुगेपछि आर्थिक समृद्धिका नाममा नागरिक तथा राजनीतिक अधिकार कुण्ठित गर्नमा हिच्किचाहट नमान्ने प्रवृत्ति छ । यसबाट हाम्रो मुलुक पनि अछुतो छैन् ।

नेपालमा मानव अधिकार र प्रजातन्त्रको आन्दोलन समानान्तररूपमा अगाडि बढेको पाइन्छ । यसलाई संस्थागत गर्ने प्रयास २००७ सालमा प्रजातन्त्रको स्थापना र प्रधान न्यायालयको गठनसँगै सुरु भएको मानिन्छ । कानुनतः मानव अधिकारका मान्यताहरूलाई राज्यका तर्फबाट पहिलोपटक नागरिक अधिकार ऐन, २०१२ र नेपाल अधिराज्यको संविधान, २०१५ मार्फत सुनिश्चित गरेको पाइन्छ । आमनागरिकको स्वतन्त्रता र वैधानिक अधिकारहरूलाई मौलिक हकका रूपमा सुरक्षित गर्ने काम नेपाल अधिराज्यको संविधान, २०४७ बाट भएको हो । लोकतन्त्र स्थापना र शान्ति प्रक्रियाको थालनीसँगै जारी नेपालको अन्तरिम संविधान- २०६३ र संविधान सभाबाट घोषणा भएको संघीय संविधान- २०७२ ले नेपालमा मानव अधिकारको दायरालाई व्यापक बनाउँदै थप संस्थागत गरेको छ । फलतः मानव अधिकारको विश्वव्यापी घोषणापत्रले परिकल्पना गरेका सबैजसो नागरिक तथा राजनीतिक र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू मौलिक हकअन्तर्गत सुनिश्चित हुन पुगेका छन् । साथै, मानव अधिकारको नियमित अनुगमन र सुनिश्चितताका लागि राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग लगायतका संवैधानिक निकायहरूको व्यवस्था भएको छ । यसैगरी संसदीय समिति र प्रधानमन्त्रीको कार्यालयबाट समेत मानव अधिकार स्थितिको अनुगमन हुने गर्छ भने सबैजसो सुरक्षा निकायले मानव अधिकारका सवाललाई सम्बोधन गर्नका लागि विशेष शाखाहरू स्थापना गरेका छन् । समष्टिमा नेपालमा मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि संस्थागत र कानुनी प्रयास पर्याप्त मात्रामा भएको छ तर व्यावहारमा मानव अधिकारका मान्यतामाथि प्रहार हुने क्रम भने रोकिएको छैन् । लोकतान्त्रिक मुलुकमा मानव अधिकार राज्य सञ्चालनको प्राथमिकतामा रहनुपर्छ । नेपालको विदेश नीतिको एउटा महत्वपूर्ण आधार मानव अधिकारलाई मानिए पनि व्यवहारमा यसको उपयोग कमै भएको पाइन्छ । नेपालले एकातिर मानव अधिकारका सबैजसो पक्षलाई संवैधानिक सुनिश्चितता प्रदान गरेको छ र संरक्षणका लागि अनुगमन संयन्त्रहरूको संरचना निर्माण गरेको छ । अर्कोतिर, विश्वमा नै अत्यन्त महत्वपूर्ण महासन्धिहरूको अनुमोदन गर्ने पहिलो राष्ट्रहरूको समूहमा पर्नुले मानव अधिकारप्रतिको हाम्रो प्रतिबद्धता स्पष्ट पार्छ ।

साथै, नेपाल सन्धि ऐन- २०४७ धारा ९(२) अनुसार अनुमोदन गरिएका अन्तर्राष्ट्रिय संयन्त्रहरूका प्रावधानहरू राज्यको कानुनसरह लागु हुने व्यवस्थालाई स्वीकार गर्नुले नेपालको अन्तर्राष्ट्रिय तहमा मानव अधिकारप्रतिको प्रतिबद्धता थप पुष्टि हुन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताका बाबजुद पनि मुलुकमा मानव अधिकारको स्थितिमा उल्लेखनीय सुधार आउन नसक्नु दुःखद पक्ष मान्नुपर्छ । संगठितरूपमा राज्यका तर्फबाट हिरासतमा यातना जस्ता उल्लंघनका घटनामा कमी आए पनि समाजमा हुने मानव अधिकार उल्लंघनका घटनामा दोषीहरूलाई कानुनको दायरामा ल्याउन अक्षम भएको पाइन्छ । उदाहरणका लागि निर्मला पन्तको बलात्कारपछि भएको हत्याका दोषीको पहिचानलाई लिन सकिन्छ । एकातिर मुलुकमा दीर्घकाल देखि विद्यमान विभेद, असमानता र छुवाछूत जस्ता उल्लंघनका घटना अद्यावधि भइरहेका छन् भने अर्कोतिर मानव अधिकार उल्लंघनका घटनामा आरोपितहरूमाथि कारबाहीका लागि राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसहरूको कार्यान्वयनको अवस्था निराशाजनक छ । मानव अधिकार आफैँमा राजनीतिको अभिन्न अंग भए पनि यससँग सम्बद्ध व्यक्तिहरूको राजनीतिक सोच तथा आबद्धता दलगत स्वार्थमा निहित हुनु दुर्भाग्यपूर्ण मान्नुपर्ने हुन्छ ।

## साताको भाग्यफल

**मेष** : प्रारम्भमा व्ययभार बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ । रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला । खर्च लागे पनि लामो यात्रा गर्ने अवसर जुट्न सक्छ ।

**वृष** : सञ्चित कर्मको प्रतिफल प्राप्त हुनाले साताको प्रारम्भ उत्साहवर्धक रहनेछ । आम्दानीले विभिन्न आवश्यकता पुरा हुनेछन् ।

**मिथुन** : प्रारम्भमा कर्मयोगद्वारा विभिन्न अवसर जुटाउन सफल भइनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् ।

**कर्कट** : प्रारम्भमा स्वास्थ्य कमजोर हुनाले काम बिग्रने चिन्ताले सताउन सक्छ । जिम्मेवारी बढ्नेछ भने अरूका लागि समय खर्च हुनेछ ।

**सिंह** : प्रारम्भमा अस्वस्थताका बीच कामको बोझ बढ्नेछ । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्दा केही चुनौती पनि देखिनेछन् ।

**कन्या** : प्रारम्भमा प्रियजनसँग भेटघाट हुनेछ भने रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ । अलि मिहिनेत परे पनि चिताएको काम बन्नेछ । आतिथ्य भने खर्चिलो हुनेछ

**तुला** : मिहिनेतले अवसर दिलाउनेछ भने प्रतिद्वन्द्वीहरू पछि पर्नेछन् । रोकिएका काम बन्नाले आम्दानी बढ्नेछ । खर्च लागे पनि दिगो फाइदा हुने काम प्रारम्भ होला ।

**वृश्चिक**: ईर्ष्या गर्नेहरूले अवरोध पुर्याउने हुँदा सुरुमा भविष्यको चिन्ताले सताउन सक्छ । आफ्नो श्रमबाट अरूले फाइदा उठाउन सक्छन् ।

**धनु** : प्रारम्भमा काम बिग्रने चिन्ताले सताउन सक्छ । आफन्तजन टाढिनाले एक्लोपनाको अनुभूति हुनेछ ।

**मकर** : विशेष अवसरले ठूलै काममा हिम्मत दिलाउनेछ । दिगो फाइदा हुने काम शुभारम्भ हुन सक्छ । पुरुषार्थ देखाएर दाम समाउने अवसर प्राप्त हुनेछ ।

**कुम्भ** : प्रारम्भमा बोलीको प्रभावले विशेष अवसर दिलाउनेछ । वादविवादमा अघि नसर्नुहोला, सम्पादित कामबाट धन लाभ हुनेछ ।

**मीन** : इच्छाशक्ति बढ्नाले महत्त्वाकांक्षी काम सुरु हुनेछ । स्वास्थ्य कमजोर देखिए पनि व्यक्तित्व निखार्ने अवसर जुट्नेछ ।

# स्याउमा आत्मनिर्भर बन्दै जुम्ला

**शुभाकर विश्वकर्मा**

**जुम्ला -** कर्णालीमा सबैभन्दा बढी स्याउ उत्पादन हुने जिल्ला हो जुम्ला । जुम्ला स्वादिष्ट, स्वच्छ र राम्रो स्याउका लागि पनि प्रसिद्ध छ। यहाँका किसानको प्रमुख व्यवसाय स्याउ खेती हो। जुम्लामा मात्र १४ हजार स्याउ बगैंचा छन्। जिल्लाका कुल १८ हजार घरधुरीमध्ये करिब १४ हजार घरमा स्याउ बगैंचा स्थापना भएको कृषि ज्ञान केन्द्रको तथ्यांकमा उल्लेख छ।

गत वर्ष र यस वर्ष गरी जिल्लामा स्याउबाट ३४ करोड बढी रकम भित्रिएको छ। यो वर्ष मात्रै स्याउबाटै १७ करोड बढी रकम भित्रियो। तातोपानी गाउँपालिका ६ खड्काबाडा निवासी दलबहादुर खड्का विगत लामो समयदेखि स्याउ व्यवसाय गर्दै आएका व्यापारी हुन्। उनले स्याउ व्यसाय गर्न थालेको १५ वर्ष पूरा भएको छ। उनको परिवारको मुख्य आम्दानीको स्रोत नै स्याउ हो। 'स्याउबाटै छोराछोरीलाई सरकारी जागिरे बनाउन सफल भएँ,' उनले भने, 'स्याउले नै मेरो जिन्दगी धानेको छ।' ३ छोरा १ छोरी भएका खड्काकी श्रीमतीले पनि स्याउ व्यावसायमा सघाउँदै आएकी छन्। श्रीमती साउनी भन्छिन्, 'जिन्दगीको आधा जवानी स्याउ बगैंचामै बिताएका छौं। बर्सेनि स्याउबाट ८ देखि १०



लाखसम्म आम्दानी हुने गरेको खड्का बताउँछन्। खड्का दम्पती त प्रतिनिधि उदाहरण मात्र हुन्। अहिले जुम्लामा यस्ता सफल किसान दम्पती धेरै छन्। जसको प्रमुख जीविकोपार्जनको आधार नै स्याउ हो। स्याउ बजारीकरण समाजका अध्यक्ष समेत रहेका दल खड्काका अनुसार यस वर्ष जुम्लाका किसानले न्यूनतम ३ लाखदेखि अधिकतम १० लाखसम्म स्याउबाट कमाए। जुम्लाको स्याउ देशका प्रमुख सहर काठमाडौं, पोखरा, विराटनगर, नेपालगन्ज दिपायल र सुर्खेतलगायतका सहरमा पुग्छ। यो वर्ष मात्रै १७ करोड मूल्यको स्याउ निर्यात भएको छ। स्याउ फल्ने अधिकांश हिमाली जिल्लामा यतिखेर स्याउका नयाँ बिरुवा लगाउने तयारी भइरहेको छ। पुस र मागभित्र बिरुवा लगाइसक्ने गरी कृषक मंसिरदेखि नै बगैंचा व्यवस्थापनमा व्यस्त छन्। नयाँ बिरुवाका लागि खाल्डो खन्ने, बगैंचामा मलजल तथा बार व्यवस्थापन लगायतका कार्य भइरहेका हुन्। तर, कृषकहरू पछिल्लो समय नयाँ स्याउ बिरुवाका लागि स्वदेशमा पाइने स्थानीय जातको बिरुवाभन्दा विदेशबाट आयात गर्नुपर्ने फुजी स्याउतर्फ आकर्षित भएका छन्। पहिले नेपालमै पाइने विभिन्न जातका स्याउ बिरुवा लगाउँदै आएका कृषक अहिले विदेशबाट बिरुवा माग गर्न थालेका हुन्।

यस वर्ष स्याउ फल्ने हिमाली जिल्लामध्ये चार जिल्लामा मात्र करिब ६ लाख फुजी स्याउको बिरुवा विदेशबाट माग भएको छ। इटाली र स्पेनलबाट नेपाल आइपुग्ने फुजी बिरुवा नेपालमा पाइने बिरुवाभन्दा १० गुणा महँगो छ। प्रधानमन्त्री कृषि आधुनिकी करण परियोजना, परियोजना व्यवस्थापन इकाइ खुमलटार ललितपुर को पत्रका आधारमा स्याउ सुपरजोन

बाँकी ४ पृष्ठमा..


## सम्पुर्णमा हाम्रो अनुरोध

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

खानेपानी सरसफाइ तथा सव–डिभिजन
कार्यालय कालीकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं।
– बिरामी परेको, मरेको, अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुवाऔं।
– पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## स्याउमा आत्मनिर्भर........................

जुम्लाले दिएको जानकारी अनुसार जुम्ला, कालिकोट, मनाङ र मुस्ताङमा मात्र करिब ६ लाख फुजी बिरुवा माग भएको हो । जसमा जुम्लाका कृषकले ३ लाख ११ हजार ४ सय २२ फुजी बिरुवा माग गरेका छन् । त्यस्तै, कालिकोटका कृषकले २१ लाख १६ हजार ५ सय, मनाङका कृषकले १ लाख ३१ हजार ६ सय र मुस्ताङमा १५ हजार ५ सय फुजी बिरुवा माग भएको छ ।

सघन स्याउ रोप्न बिरुवा आयात गरी कृषकलाई वितरण गर्ने स्याउ सुपरजोन कार्यक्रमअन्तर्गत फुजी बिरुवा ७० प्रतिशत अनुदानमा कृषकले पाउने भएका छन्  भने बाँकी ३० प्रतिशत कृषकको लगानी रहनेछ । स्याउ सुपरजोन जुम्लाका वरिष्ठ कृषि अधिकृत टीकाराम शर्माले भने, 'बिरुवा आयात गरेको ढुवानी रकम कृषकलाई निःशुल्क हुनेछ । अनुदानमा वितरण हुने प्रतिबिरुवा कृषकलाई ४  सय २५ रुपैयाँसम्म पर्न सक्छ ।' विश्व बजारमा राम्रो सम्भावना भएको र नेपालमा पनि फुजी स्याउको बढ्दो माग रहेकाले त्यसको उत्पादन वृद्धिका लागि अनुदानमा बिरुवा वितरण गर्न लागिएको उनले बताए । नेपालमा अहिले अन्य स्याउभन्दा फुजी स्याउ तेब्बर बढी मूल्यमा बिक्री भइरहेको छ । अनुदानमा आउने फुजी बिरुवा कृषकको मागअनुसार प्राप्त गर्न सम्भव नभएको स्याउ सुपरजोनले जनाएको छ । यसले गर्दा बिरुवा वितरणमा भने निकै सकस हुने देखिन्छ । अहिले जुम्लामा कुल ३ हजार ४ सय ५० हेक्टर जमिनमा स्याउ खेती छ भने हरेक वर्ष स्याउ खेती विस्तार हुँदै छ ।

स्थानीय तहका अनुसार अबको चार वर्षभित्र स्याउ खेतीका लागि जमिन भएका जिल्लाका १८ हजार घरधुरीमै स्याउ बगैंचा स्थापना हुनेछन् । हरेक वर्ष कृषकहरूले बगैंचा व्यवस्थापन तथा स्याउ उत्पादनसम्बन्धी पर्याप्त ज्ञान, सिप तथा सामग्री पाइरहेका छन् । तर, त्यसलाई व्यवहारमा कार्यान्वयन नगर्दा समस्या भएको छ । हरेक वर्ष स्याउका बिरुवा बढ्दै छन् । तर, बिरुवाको अनुपातमा भने स्याउ उत्पादन घट्दै गएको छ । गत वर्षभन्दा यस वर्ष जिल्लामा करिब चार हजार फल दिने बिरुवा बढेपछि उत्पादन भने गत वर्ष बराबर नै भएको उनीहरूको भनाइ छ ।


### पताँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔँ । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔँ । खेती योग्य बाँझो जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौँ, गराऔँ ।**

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**



### क्षयरोग (टि.बी.) का लक्षणहरु

**१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।, २. साँझ पख सधैं ज्वरो आउनु ।, ३. खाना खान मन नलाग्नु ।, ४. तौल(वजन) घट्नु ।,५.खकारमा रगत देखा  पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।**

**पचाल झरना गाउँपालिका**
**कालीकोट**



### प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**महावै गाउँपालिकाको कार्यालय**
**कालिकोट**


# स्वास्थ्य

## मोटोपन घटाउन खानेकुरा



बदलिँदो जीवन शैलीले गर्दा पछिल्लो समय धेरै मानिसहरू मोटोपनको शिकार भइरहेका छन् । मोटोपन बढे सँगै शरीरमा देखिने जोखिम बढ्दै जाने भएकाले मोटपन भएकाले तौल घटाउन विभिन्न खाले शारीरिक अभ्यासहरू गर्ने गर्छन् । तर हाम्रो भान्सामा पाइने केही खानेकुराको जुस नियमित सेवन गर्ने हो भने शरीरलाई मोटोपनबाट जोगाउन सक्छ । **टमाटरको जुस**-टमाटर हाम्रो भान्छामा सजिलै पाइने खानेकुरा हो । टामाटरमा प्रशस्त मात्रामा क्यालोरी तथा कार्बोहाइड्रेट पाइने गर्छ । त्यसैले नियमित रुपमा टमाटरको जुस खाने गर्दा शरीरलाई आवश्यक शक्ति तथा तत्व पुग्ने गर्नुका साथै भोक कम लाग्ने गर्छ । जसले गर्दा नियमित रुपमा टमाटरको जुस सेवन गर्नु राम्रो मानिन्छ । **गाजरको जुस**-गाजरमा प्रशस्त मात्रामा फाइवर पाइने गर्छ । फाइबरले खाएको खानेकुरा राम्रोसँग प्राचन गर्नुका साथै भोक कम गाराउने गर्छ । जसले गर्दा भोक कम गारउने हुँदा अनावश्यक मोटोपनबाट शरीरलाई जोगाउने गर्ने हुँदा मोटोपनको समस्या भएकाले नियमित रुपमा गाजरको जुस खाने गर्नाले मोटोपनको समस्याबाट छुटकरा पाउन सकिन्छ । **स्याउको जुस**-मोटोपन समस्या भोगिरहेकाहरूले नियमित रुपमा स्याउको जुस सेवन गर्नाले मोटोपन कम गर्न सहयोग गर्छ । स्याउमा प्रचुर मात्रामा फाइबरका साथै अन्य विभिन्न भिटामिन पाइने गर्ने हुँदा नियमित रुपमा स्याउको जुस खाने गर्नाले मोटोपनको समस्याबाट छुटकरा पाउन सकिन्छ । यस्तै मोटोपन भएकाहरूले नियमित रुपमा हरियो सागसब्जी खानु राम्रो हुन्छ । सागसब्जीमा मिनिरल, भिटामिन र पानीको मात्रामा धेरै हुने भएकाले शरीरमा आवश्यक पर्ने शक्ति पाउनुका साथै मोटोपनबाट समेत जोगाउने गर्छ । यसका साथै मोटोपन भएकाले नियमित रुपमा चिसो पानीले नुहाउने गर्नाले पनि मोटोपनको समस्या बाट जोगिन सकिन्छ । चिसो पानीले शरीरको बोसो घटाउन घटाउने गर्छ ।


### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

#### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाइदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा  अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

#### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method )
अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दाँते (Fire Rake),चेप्टे  ( Fire Swatter), खुकुरी, साबेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय**
**कालिकोट**

# खाँडाचक्रलाई सूचनामैत्री नगर बनाईदै

**मिसन न्यूज**

**कालिकोट** – सदरमुकाम स्थित खाँडाचक्र नगरपालिकालाई सूचनामैत्री नगर बनाउने सरोकारवालाले प्रतिबद्धता गरेका छन् । सूचना नै नागरिकलाई सशक्त बनाउने माध्यम भएकाले नगरपालिकाका सबै कामहरू पारदर्शी बनाउन सूचनामैत्री नगर बनाउने प्रतिबद्धता गरिएको हो ।

मंगलवार राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बास्कोटाको सहजीकरणमा आयोजित सूचनाको हक सम्बन्धी ऐनको कार्यान्वयन र देशभरका स्थानीय तहले गरेका असल अध्यासबारेको अभिमुखीकरणमा नगर प्रमुख जसीप्रसाद पाण्डेले खाडाचक्रलाई सूचना मैत्री नगर बनाउने प्रतिबद्धता गरेका हुन् । साविकको मान्म दाहा, पाखा, बदालकोछका ३ वटा र भर्ताको ८ पोरिपाल्नी मिलेर बनेको खाडाचक्र नगरपालिकाले सबै वडा र नगर कार्यालयलाई सूचनामैत्री बनाउन आवश्यक सबै पहल गरिने प्रतिबद्धता गरे । खाडाचक्र नगरपालिकाले कर्णालीमै पहिलो पटक जिल्ला सदरमुकाम मान्ममा १२ वटा सिसि क्यामेरा जडान गरेर नगरको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाएको,बरातु, बद्रिगाउ, ताडी, राताडाडाबलाई तरकारी पकेट क्षेत्र बनाइसकेको नगर प्रवक्ता पुष्पराज गिरीले बताए । उनले नगरले गरेका नीतिगत निर्णयहरू नियमित रुपमा सार्वजनिकगरिने जनाए। खाँडाचक्र नगरपालिकाले मोहन महरालाई सूचना अधिकृत तोकेर प्रत्येक ३/३ महिनामा सार्वजनिक सुनुवाई र सार्वजनिक संचार माध्यमबाट नगरले गरेका सबै कामबारे नागरिकलाई जानकारी दिन थालिएको छ । प्रमुख प्रशासकीय अधिकृत काँशीप्रसाद पंगेनीले नगरका सूचना इसिष्टममा राख्न पहल भइरहेको जानकारी दिए । उनले सूचनामैत्री नगरका लागि स्थानीय सञ्चार माध्यमसँग सहकार्य गरिरहेको जानकारी दिए । आर्थिक वर्ष वर्ष २०७३/०७४ मा आन्तरिक किचलोले जनप्रतिनिधि र कर्मचारीबीच भ्रष्टाचारको आरोप प्रत्यारोपले सुनुवाई गर्न नसकेको नगरले गत आर्थिक वर्षको

बाँकी ८पृष्ठमा....




## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुआैं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वास्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

प्रमुख प्रशासकीय अधिकृत
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं ।**

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# अन्तराष्ट्रिय न्युज

## वार्ता र सहकार्य अघि बढाउन उत्तर कोरिया इच्छुक

**सोल** – उत्तर कोरियाका सर्वोच्च नेता किम जोङ-उनले कोरियाली प्रायःद्वीपमा शान्ति र समृद्धि निर्माण गर्ने प्रयत्नलाई सन् २०१९ मा समेत निरन्तरता दिने बताएका छन् । किमले नयाँ वर्षका अवसरमा दक्षिण कोरियाली राष्ट्रपति मुन जाय-इनलाई पठाएको शुभकामना सन्देशमा यस्तो प्रतिबद्धता व्यक्त गरेको दक्षिण कोरियाली राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

नेता किमले लामो समयदेखि जारी विवादलाई साम्य बनाउन दुवै कोरियाका नेताले व्यावहारिक कदम अबलम्बन गरेको पनि सो शुभकामना सन्देशमा बताएका छन् । 'अध्यक्ष किमले राष्ट्रपति मुनलाई आइतबार लेख्नु भएको चिठी प्राप्त भएको छ,' दक्षिण कोरियाली राष्ट्रपति कार्यालयका प्रवक्ता किम इ-काइयोमले संवाददाताहरुलाई बताए । 'कोरियाली प्रायःद्वीपमा शान्ति र समृद्धिका निम्ति मिलेर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछु,' किमको पत्र उद्धृत गर्दै दक्षिण कोरियाली समाचार एजेन्सी योन्हापले उल्लेख गरेको छ । 'एक वर्षमा दुई देशका नेताबीच तीन पटक भेटघाट भएको र त्यस क्रममा सम्बन्ध सुधारका लागि व्यावहारिक कदम चालिएका छन् । सैनिक तनाव र युद्धको त्रासबाट दुवै देशका जनतालाई मुक्त गर्न हामी सक्षम भएका छौं,' उत्तर कोरियाली नेता किमको शुभकामना सन्देशमा भनिएको छ ।

दक्षिण कोरियाली राष्ट्रपति कार्यालयका प्रवक्ताले अध्यक्ष किमले यस वर्षको अन्त्यभित्रै सोलको भ्रमण गर्ने आफ्नो प्रतिज्ञा पूरा गर्न नपाएकोमा दुःख लागेको पनि सो शुभकामना पत्रमा बताएको जानकारी दिएका छन् । 'अध्यक्ष किमले सन् २०१९ मा राष्ट्रपति मुनलाई समयसमयमा भेट गर्न इच्छुक रहेको बताउनु भएको छ । साथै, शान्ति र समृद्धिका विषयमा छलफललाई अगाडि बढाउन इच्छुक रहनुका साथै मिलेर नै कोरियाली प्रायःद्वीपमा आणविक निःशस्त्रीकरणको अभियान सफल बनाउने उहाँले बताउनुभएको छ,' राष्ट्रपति कार्यालयका प्रवक्ताले बताए ।

# ज्ञानमाला

१. कुनकुन अञ्चलका ५/५ वटा जिल्लाहरु रहेकाछन् ?
-नारायणी, राप्ती, भेरी, कर्णाली र सेती गरी ५ वटाका

२. नेपाललाई कहिले १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरिएको हो ?
-२०१८ बैशाख १ गते

३. नेपाललाई कति सालमा ४ विकास क्षेत्रमा विभाजन गरिएको हो ?
-२०२९ साल

४.८ वटा जिल्ला हुने अञ्चल कुन हो
- वाग्मती

५. ६र६ वटा जिल्लाहुने अञ्चलहरु कुन कुन हुन् ?
-लुम्बिनी, गण्डकी, सगरमाथा, जनकपुर र कोशी

६. महाकाली पारीका नेपालका २ गाविस कुन कुन हुन् ?
-चाँदनी र दोधारा

७. गंगासागर पोखरी कहाँ पर्दछ ?
- जनकपुरधाम, धनुषा

८. सबभन्दा बढी उचाईमा रहेको नेपालको जिल्ला सदरमुकाम कुन हो ?
-सिमिकोट

९. काठमाण्डौ उपत्यकाको क्षेत्रफल कति छ ?
-६४२ वर्ग कि.मि.

१०. चीन र भारत दुवैदेशलाई छुने जिल्ला कति वटा छन् ?
-२ वटा, ताप्लेजुङ्ग र दार्चुला

११. सबभन्दा कम उचाईमा रहेको नेपालको सदरमुकाम कुन हो ?
-जलेश्वर

१२. ४र४ वटा जिल्लाहरु हुने नेपालका अञ्चल कतिवटा छन् ?
-३ वटा, मेची, महाकाली, धवलागिरी

१३. सबैभन्दा बढी जिल्लासँग सिमाना जोडिएको जिल्ला कुन हो ?
-सिन्धुली

१४. अदुवा खेतीका लागि प्रसिद्ध जिल्ला कुन हो ?
-सल्यान

१५. नेपालको सबैभन्दा दक्षिणी विन्दु कुन जिल्लामा पर्दछ ?
-लोदावारी, झापा

१६. भारतसँगमात्र सीमाना जोडिएको जिल्लाहरु कतिवटा छन् ?
-२४

१७. चीन सँग मात्र सीमाना जोडिएका जिल्लाहरु कतिवटा छन् ?
-१५ वटा


**रास्कोट नगरपालिकाको सन्देश**

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं ।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

रास्कोट नगरपालिका कार्यालय
कालिकोट



*एक घर एक करेसाबारीको स्थापना गरौं ।*
*स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥*

पचाल झरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, कालिकोट



**सम्पुर्णमा हाम्रो अनुरोध**

गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# कर्णाली प्रदेशकै आकर्षक पर्यटकीय गन्तव्य डोल्पा

**रामचन्द्र न्यौपाने**

**डोल्पा -** देशकै र साविकको महाकाली अंचलभन्दा ठूलो जिल्लाको रुपमा परिचित डोल्पा कर्णाली प्रदेशको आकर्षक पर्यटकीय गन्तव्यको रुपमा चिनिन थालेको छ। जिल्ला घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकको संख्यामा बृद्धि भएसँगै आकर्षक गन्तव्य बन्न थालेको हो । असोज यता मात्रै आन्तरिक र बाह्य पर्यटक गरेर करिब ६०० पर्यटकको आगमन भएको शे-फोक्सुन्डो निकुञ्जले जनाएको छ । भौगोलिक हिसावमा बिकट भए पनि पर्यटकीय सम्भावनाका हिसावमा सम्पन्न भएकै कारण डोल्पा घुम्ने पर्यटकमा बृद्धि भएको पर्यटन व्यवसायी बताउँछन् । नेपालकै गहिरो ताल शे(फोक्सुन्डो, त्रिपुरा सुन्दरी मन्दिर, शे-गुम्बा, सुलिगाड झरना, बिश्वकै अग्लो मानववस्ती धो-तराप, पुथा हिमाल, मष्टा मन्दिर छल, मष्टा मन्दिर गल्ली जिल्लाकै आकर्षक पर्यटकीय गन्तव्य हुन् । यस्ता क्षेत्रको अवलोकन भ्रमणका लागि प्याकेज बनाएरै घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढेको पाइएको छ। एकवर्ष अगाडिसम्म गुमनाम डोल्पा पर्यटन प्रवर्द्धनका क्रियाकलाप बढ्न थालेसँगै ब्युँझिन थालेको हो । गत बुधबारमात्रै कर्णाली प्रदेश उद्योग पर्यटन बन तथा बातावरण मन्त्रालयको आयोजनामा फोक्सुन्डो ताल परिसरमा पर्यटन प्रवर्द्धन कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यक्रमका प्रमुख



अतिथिको रुपमा उपराष्ट्रपति नन्दबहादुर पुन पुगेका थिए । त्यस्तै पूर्वमन्त्री सत्या पहाडी, कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाही, उद्योग पर्यटनमन्त्री नन्दसिंह बुढा, कानुन तथा आन्तरिक मामिलामन्त्री नरेश भण्डारीको उपस्थिति थियो। कर्णाली प्रदेशको समृद्धि पर्यटन क्षेत्रमै लुकेको बताउँदै यस्ता कार्यक्रमले पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने मुख्यमन्त्री शाहीले बताए । यस्तै गतिविधिका कारण पर्यटन क्षेत्रको उजागर हुँदै गएको सरोकारवालाको भनाइ छ । डोल्पा हिराको डल्लो भए पनि प्रचार-प्रचार हुन नसक्दा ओझेलमा परेको पूर्वमन्त्री तथा प्रतिनिधिसभा सांसद सत्या पहाडीले बताइन् । डोल्पा पुग्ने पर्यटकलाई लक्षित गर्दै संरचनागत विकासमा केन्द्र तथा प्रदेश सरकारले जोड दिनुपर्ने उनको भनाइ छ । डोल्पालाई प्रमुख गन्तव्य बनाएर आउने आन्तरिक तथा बाह्य पर्यटक बढेका छन्। कर्णाली प्रदेशका पर्यटकीयस्थलको प्रवर्द्धन कालागि प्रदेश सरकारले कर्णाली-रारा पर्यटनवर्ष २०७५ को सुरुवात गरिसकेकाले पर्यटकीय क्षेत्रको विकास तथा प्रचार प्रचारकालागि कुनै पनि कसुर बाँकी नराख्ने मन्त्री बुढाले बताए । पर्यटकको संख्यामा भएको बृद्धिसँगै दुनै, जुफाल, त्रिपुराकोट लगायत का स्थानीय बजारमा चहल(पहल बढ्न थालेको छ । पर्यटक भित्रन थालेपछि ब्यापार, ब्यवसाय फस्टाएको त्रिपुरा सुन्दरी नगरपालिका १ त्रिपुराकोट का ब्यापारी बिष्णु हमालले बताए। एकवर्ष अगाडिसम्म गुमनाम डोल्पा पर्यटनकै कारण बिश्वभर चिनिन थालेको हमालको भनाई छ । फोक्सुन्डो ताल नेपालकै गहिरो तालको परिचित फोक्सुन्डो ताल डोल्पाकै आकर्षक पर्यटकीय गन्तव्य हो। कर्णाली चिनाउने प्रमुख पर्यटकीय गन्तव्यमा रारा तालसँगै फोक्सुन्डो ताल को नाम आउने गर्दछ। शे-फोक्सुन्डो गाउँपालिका अन्तर्गत रिग्मो गाउँमा पर्ने फोक्सुन्डो ताल वाई अनि फोक्सो आकारको भएको अवलोकनकर्ता बताउँछन् । ३ हजार ६३५ मीटर उचाईमा अवस्थित फोक्सुन्डो ताललाई बिदेशी पर्यटक 'ब्लु डायमण्ड' को रुपमा

**बाँकी ८ पृष्ठमा..**


## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं । रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**महावै गाउँपालिका**

**गाउँ कार्यपालिकोको कार्यालय**

**कालिकोट**

### स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**खाँडाचक्र नगरपालिकाको कार्यालय**

**कालिकोट**

## पलाँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं।**

**पलाँता गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## कर्णाली प्रदेशकै आकर्षक.....................

समेत चिन्ने गर्दछन् । झट्ट हेर्दा आकाशे निलो रङको जस्तो देखिने भएता पनि यसको रङ छिनछिनमा बदलिने गर्दछ। तालले समयअनुसार रङ बदल्ने भएकै कारण रङ बदल्ने तालको रुपमा समेत परिचित छ। तालको चारैतीर विशाल हिम श्रृंखलाहरू छन् । ताल वरिपरि पर्ने हिउले सेताम्य हिमाल कारण तालको सुन्दरता थप मनमोहक बनाइ दिएको छ । चुलिँदो सौन्दर्यताका कारण तालसम्म पुग्ने पर्यटकलाई स्वर्गीय आनन्द प्राप्त हुने पर्यटक बताउँछन् । अप्ठेरो बाटो, यातायातको समस्या, स्तरीय होटलको अभावका बाबजुत पनि पर्यटकको संख्यामा उल्लेख्य बृद्धि भएको रिम्मो गाउँका स्थानीय निमा गुरुङले बताए ।

## खाँडाचक्रलाई सूचनामैत्री.................

सार्वजनिक सुनुवाई बिहीवार गरेको थियो । नगरले चालु आर्थिक वर्षको प्रथम चौमासिकको समिक्षा पनि सँगै गरिसकेको छ। खाँडाचक्रले गत आर्थिक वर्षमा विभिन्न शीर्षकमा विनियोजन भएको कूल रु. ३६ करोड ४९ लाख १८ हजार २ सय ६७ मध्ये रु. ३४ करोड १९ लाख ३५ हजार १ सय ८३ रुपैया खर्च गरेको र रु १ करोड ६२ लाख ८ हजारफ्रिज गएको जानकारी दिएको छ। कान्तिपुरबाट

## कर्णाली राजमार्गमा हिलो.................

क्षमताका हिँड्न बनाइएको सडक हो तर, २५ टन बढी बोकेका ट्रिपर दिनरात गुड्ने गर्छन् ।' कार्कीले भने ।

**जनप्रतिनिधीले चासो दिएनन्**

कर्णाली राजमार्गको स्तरोन्नतिका लागि स्थानीय बासिन्दाले कर्णाली प्रदेशका मुख्यमन्त्रीलाई पटक-पकट ध्यानाकर्षण गराउदा पनि पहल नगरेको ग ुनासो गर्न छाडेका छैनन् । प्रतिनिधि सभाका सांसद दुर्ग बहादुर रावत ,कालिकोट क्षेत्र नं. १ का नेकपाका प्रदेश सांसद् कुर्मराज शाहि, राष्ट्रिय सभाका सांसद जिवन बुढाले संसदमा समेत कुरा उठाएका छौं अव ,राजमार्गको स्तर उन्नति हुन्छ भने पनि अहिले सम्म काम भएको छैन । स्थानीयका अनुसार भत्केको सडक मर्मतका नाममा वर्षेनी लाखौं बजेट छुट्याइए पनि बालुवामा पानी हालेसरह हुने गरेको छ। २०६३ सालमा सुर्खेत, कालिकोट हुँदै जुम्ला सम्म जोडियो अहिले सिधा यातयात मुगु जोडिएको छ। सडक बनाउने तर मर्मत नगर्ने प्रवृत्तिका कारण सर्वसाधारणले दिनहु सास्ती खेप्नु परेको छ। सुर्खेतदेखि कालिकोट सम्मको एक सय ९४ किलोमिटर सडकको अवस्था पनि उस्तै छ। जीर्ण सडकबाट जोखिपुर्ण तरिकाले दैलेख ,कालिकोट,जुम्ला ,मुगु लगायतका क्षेत्रमा दैनकि उपभोग्य वस्तु ढुवानी गर्न बाध्य भएको व्यापारीहरुले बताउँदै आएका छन्। यता मुगुको रारा आउने पर्यटनमा समेत असर पारेको छ।

## राहत आउने क्रम.........................

लत्ताकपडा, न्यूनतम सामग्रीको आवश्यकता रहेको छ ।' उनले भने, 'त्यही सामग्री काठमाडौंमा संकलन गरेर पलाँताका अग्नि पीडितका पुगेको हुँ ।' दीर्घकालीन रूपमा आवास र पूर्वाधार क्षेत्रका काम प्रदेश सरकार र संघीय सरकारले गर्नुपर्ने आवश्यकता रहेको पुनले बताए । **इभरब्रिज स्कुलको ७ लाख ५० हजारको राहत-** सुर्खेतका रहेको इभरब्रिज स्कुलले खाँडाका अग्निपीडित लाई ७ लाख ५० बराबरको खाद्यान्न, लत्ताकपडा विद्यार्थीलाई स्कुल ड्रेस, क्षैशिक सामग्री खाद्यान्न वितरण गरेको छ ।

सुर्खेतका इभरब्रिज स्कुलका विद्यार्थीहरुले राहत संकलन त्यहाँ पुगेका पत्रकार कालिबहादुर मल्लले बताए। 'सुर्खेतका विद्यार्थीहरूले संकलन गरेको रकम लिएर ७ लाख ५० हजार राहत सामग्री वितरण गरिएको छ ।' उनले भने, 'विद्यार्थीहरूले संकलन गरेर दिएका हौं ।' **सुर्खेत उद्योग वाणिज्य संघको राहत**-सुर्खेत उद्योग वाणिज्य संघले कालीकोटको पलाताका अग्निपीडित परिवारका लागि राहत संकलन गरेको छ। संकलित रकम र सामग्रीलाई कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीलाई हस्तान्तरण गरिएको छ । मंगलबार संघका अध्यक्ष धनबहादुर रावत नेतृत्वको टोलीले राहत सामग्री मुख्यमन्त्री शाहीलाई हस्तान्तरण गरको हो। एक लाख २० हजार रुपैयाँको चेक र तीन लाखबराबरको अन्य सामग्री रहेको अध्यक्ष रावतले बताए। **कैलाली र बाजुराका सामान बाटोमै अलपत्र** -उद्योग वाणिज्य संघ कैलाली र बाजुराका राहत सामग्री अलपत्र परेका छन्। उद्योग वाणिज्य संघ कैलाली र बाजुरा पठाएको राहत सामान बीच बाटोमै अलपत्र परेको पलाँता गाउँपालिका-१ का स्थानीय इन्द्रबहादुर रोकायाले बताए । 'उद्योग वाणिज्य संघ कैलाली र बाजुरा पठाएको २५ बोरा राहत सामग्री जितेगडामा अलपत्र परेको छ ।' उनले भने, 'कसैले जिम्मेवारी नलिँदा त्यो राहत सामग्री बीचबाटोमै अलपत्र परेको हो ।' **कर्णाली अधिकार सरोकार समितिको राहत** -पलाँताका अग्निपीडितलाई कर्णाली जनअधिरका सरोका समितिले काठमाडौंमा संकलन गरेको २ ट्रक राहत सामग्री पलाँतामा पुगेको जनअधिकार सरोकार समितिका अध्यक्ष प्रकाश रोकायाले बताए। 'राहत सामग्री लिएर हामी पलाँतामा पुगेको छौं ।' उनले भने,'पीडितलाई एक कार्यक्रमका बीचमा बितरण गर्ने तयारी थालेका छौं।' राहत सामग्रीमा विद्यार्थी स्कुल ड्रेस, कम्बल, लुगा र बाकस रहेको रोकायाले बताए। **स्वास्थ्य शिविर संचालन** -पलाँताका अग्निपीडित क्षेत्रमा युवा नेता भुपेन्द्रजंग शाहीको पहलमा नेपालगंज मेडिकल कलेजले आगलागी भएको पलाँता क्षेत्रको खाँडामा पुस १८ र १९ गते दुई दिने शिविर सुरु गरेको छ ।

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

**बेस्ट कर्णाली मिडियाको नौलो धमका**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा प्रदेश नम्बर ६ बाट प्रथम सुचिकरण भएको **www. missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक पत्रिका प्रकाशन भईरहेको छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषताहरु

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्।
- अनलाईन पत्रिका डिजाइन।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
- वेव तथा अनलाईनका लागि होस्टीग।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
- भिडियो डकुमेन्ट्रीउत्पादन।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
मिसन न्यूज
Mission News National Weekly
राष्ट्रिय साप्ताहिक
www.missionenews.com

**सम्पादक** : पवित्र शाही, **प्रवन्ध सम्पादक** : निर्मला शाही, **समाचारदाता** : लिलाराज संज्याल, **कार्यालय** : खाँडाचक्र न.पा.-१ कालिकोट , **फोन नं.** - ०८७-४४०२४२, ९८४८०४९४५५,९८६८३१५३५३ , **इमेल** : missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com **मुद्रण:** ईश्वर अफसेट प्रेस खाँडाचक्र-१, कालिकोट